मिति २०८१/०९/०२ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुली गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री, कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारीत प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमको निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल

बैठक सञ्चालन मितिः २०८१/०९/०२

बैठक बसेको समयः अपहान्न २:०० बजे

**-उपस्थिति-**

| सि.नं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोबिन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री टंक बहादुर नेगी प्रमुख, प्रशासकीय अधिकृत | सदस्य सचिव | |

का.स. श्री चन्द्रिका थापा मगर

मिति २०८१।९।२ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | हिउँदे गाउँसभाको मिति तोक्ने र सभा व्यवस्थापन गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| २. | नेवासँगको साझेदारीमा रकम विनियोजन गर्ने प्रतिवद्धता सम्बन्धमा । | योजना शाखा |
| ३. | आर्थिक सहयोग सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ४. | शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा | शिक्षा शाखा |
| ५. | विविध | प्रशासन शाखा |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको १५ औं (हिउँदे) गाउँसभा मिति २०८१/०९/२७ गते गाउँपालिकाको सभाहलमा बस्ने र गाउँसभा व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेवासँगको साझेदारीमा रकम विनियोजन गर्ने प्रतिवद्धता बमोजिम यस तीनपाटन गाउँपालिका र नेवा संस्थासँग साझेदारीमा रहेको खानेपानीका लागि तीनपाटन गाउँपालिका वडा नं. ७ मा पिपलडाँडा खानेपानी आयोजना मर्मतका लागि गाउँपालिकाको तर्फबाट रु ४३३५९ (त्रीचालिस हजार तीन सय उनान्साठी मात्र) समपुरक कोषबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेवाः देय् दबू संस्थाको आर्थिक अवस्था कमजोर रहेकोले नेवाः देय् दबू संस्थाको संस्कृति संम्वर्द्धन, भाषा प्रबन्धको संरक्षण र सिकाईका लागि रु २०००० (वीस हजार मात्र) आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१/०९/०२ गतेको बैठकबाट गाउँ कार्यपालिकामा सिफारिस भएको सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. ११ र १ लाई मिति २०८१/०२/३१ र मिति २०८१/०३/१५ गते बालमैत्रीं वडा घोषणा गर्दा लागेको अपुग रकम प्रति वडा रु ५००००।-

(पँचास हजार मात्र) भन्दा नबढ्ने गरी पेश गरिएका कागजातहरुको आधारमा विविध शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



CamScanner